# पाठ ७ — यूहन्ना ७

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

येशू र उहाँका भाइहरू
छाप्रो-वासको चाड़मा येशू
के यिनी नै मसीह हुन् त?
येशूलाई पक्रन पहरेदारहरू पठाइए
जिउँदो पानीका खोलाहरू
मानिसहरूका बीचमा फाटो
यहूदी धर्म-गुरुहरूको अविश्वास

---

## येशू र उहाँका भाइहरू

---

यूहन्ना ७:१-९ पढ्नुहोस्।

येशूको बारेमा विभिन्न मानिसहरूले के विचार गरे भन्ने सम्बन्धमा यस अध्यायले हामीलाई बताउँछ। कोही-कोहीले



उहाँमा विश्वास गर्न चाहेनन्। कोही-कोही तिनीहरूका आफ्नै विचारहरूले अन्धा भएका हुनाले येशूका शिक्षासँग तिनीहरू सहमत भएनन्। कोही-कोहीले उहाँलाई घृणा गरे, किनकि तिनीहरूले गरेका खराब कुराहरूका विरुद्धमा उहाँले प्रचार गर्नुभयो।

येशूचाहिँ मसीह हुनुहुन्छ भन्ने कुरा यस बेला उहाँका आफ्नै भाइहरूले पनि विश्वास गरेनन्। पछि त तिनीहरूले विश्वास गरे। येशूको पुनरुत्थानपछि येशूका धेरै विरोधीहरू परिवर्तन भएका थिए। अहिले सुसमाचारका शत्रु हुने व्यक्तिहरूका निम्ति यदि हामीले प्रार्थना गर्‍यौं भने तिनीहरूले येशूलाई ग्रहण गर्न सक्नेछन्। आफ्ना शत्रुहरूलाई प्रेम गर्नू र तिनीहरूका निम्ति प्रार्थना गर्नू भनी येशूले आफ्ना चेलाहरूलाई आज्ञा दिनुभएको छ।

## छाप्रो-वासको चाडमा येशू

यूहन्ना ७:१०-२४ पढ्नुहोस्

येशू खतरामा हुनुहुन्थ्यो भन्ने कुरा यस अध्यायमा भएका सातवटा पदहरूले हामीलाई बताउँछन्। १,१३,१६,२५,३०,३२ र ४४ पदहरूलाई पढ्नुहोस्। खतरा हुँदाहुँदै पनि, उहाँले शिक्षा दिइरहनुभयो र धार्मिक उत्सव मनाउनका लागि यरूशलेममा जानुभयो। अहिले पनि येशूलाई पछ्याउनेहरू धेरैजना खतरामा छन्। शिक्षा, प्रचार र साक्षी दिनका लागि परमेश्वरले तिनीहरूलाई साहस दिनुभएको होस् भनी हामीले तिनीहरूका निम्ति प्रार्थना गर्नुपर्छ।

येशूको शिक्षणले अगुवाहरूलाई छक्क पारिदियो। तिनीहरूसँग भएका उच्च शिक्षाका विद्यालयहरूमा उहाँले अध्ययन नगर्नुभएको कुरा तिनीहरूलाई थाहा थियो। उहाँले सिकाउनुभएका सत्यताहरू परमेश्वरबाट आएका थिए।

पद १७-लाई पढ्नुहोस्। परमेश्वरले चाहनुभएका काम गर्नका लागि यदि हामी इच्छुक भयौं भने, उहाँले हामीलाई सत्यता प्रकट गरिदिनुहुनेछ। सुसमाचारमा विश्वास नगर्ने धेरै व्यक्तिहरूसँग यो समस्या हुन्छः तिनीहरू सत्यतालाई चिन्न सक्दैनन्, किनकि तिनीहरू परमेश्वरको आज्ञा पालन गर्न इच्छुक छैनन्। परमेश्वर हुनुहुन्छ भनी विश्वास नै नगर्ने व्यक्तिहरूले निष्कपटतासाथ उहाँसँग प्रार्थना गर्दा उहाँलाई भेट्टाएका छन्। उनीहरूले यसरी प्रार्थना गरेका थिएः परमेश्वर, यदि त्यहाँ कोही परमेश्वर हुनुहुन्छ भने तपाईंले आफैलाई मकहाँ प्रकट गर्नुहोस्। मलाई सत्यता जान्न दिनुहोस् र म तपाईंलाई पछ्याउनेछु।''

### तपाईंको अभ्यासको निम्ति

१ सुसमाचारलाई घृणा गर्ने मानिसहरूलाई के तपाईं चिन्नुहुन्छ?...................................... तिनीहरूका निम्ति प्रार्थना गर्नुहोस्।

२ के तपाईंका सबै दाजु-भाइ तथा दिदी-बहिनीहरूले येशूमा विश्वास गरेका छन्? ...................................... तिनीहरूका निम्ति प्रार्थना गर्नुहोस्।

येशूले विश्राम-दिनमा पनि बिरामीहरूलाई निको पार्नुभयो भनी कोही-कोहीले अझै गनगन गरिरहेका थिए। कहिलेकहीं एउटा व्यवस्था अर्काको विरोधमा भएकोजस्तो देखिन्छ। जब यसो हुन्छ, हामीले सबैभन्दा महत्त्वपूर्ण चाहिंको आज्ञा पालन गर्नुपर्छ भनी येशूले सिकाउनुभएको छ। उदाहरणको लागि विश्रामको दिनमा कुनै पनि काम गर्नुहुन्न भनी व्यवस्थाले बताएको छ; अनि व्यवस्थाले यो पनि बताएको छ कि आठौं दिनचाहिं विश्राम-दिन पर्‍यो भने, खतनाको व्यवस्थाको पालन गर्नका लागि मानिसहरूले विश्रामको व्यवस्थालाई चाहिं तोड्नुपर्ने थियो। दयाको व्यवस्थाचाहिं विश्रामको व्यवस्थाभन्दा अझै महत्त्वपूर्ण छ भनी येशूले सिकाउनुभयो।

### तपाईंको अभ्यासको निम्ति

**३** येशूको शिक्षण किन यति महान् थियो?

**क.** किनकि उहाँले उच्च शिक्षाका स्कूलहरूमा अध्ययन गर्नुभयो।

**ख.** किनकि पूजाहारीहरू र फरिसीहरू उहाँका गुरुहरू थिए।

**ग.** किनकि उहाँको शिक्षण परमेश्वरबाटको थियो।

**४** अहिलेसम्म उद्धार नपाएका तपाईंका मित्रहरूले आ-आफ्ना पापहरूलाई त्याग्न इच्छुक होऊन् भनी तिनीहरूका निम्ति परमेश्वरसँग प्रार्थना गर्नुहोस्, यसरी तिनीहरूले सुसमाचारको सत्यतालाई देख्न सकून्।

**५** आफूले येशूलाई पछ्याएको कारण खतराको सामना गरिरहेकाहरूका निम्ति प्रार्थना गर्नुहोस्।

## के यिनी नै मसीह हुन् त?

यूहन्ना ७:२५-३१ पढ्नुहोस्।

मन्दिरमा येशूले सिकाइरहनुभएको देख्दा मानिसहरू छक्क परे, किनकि धार्मिक अगुवाहरूले उहाँलाई मार्न खोज्दैछन् भन्ने कुरा तिनीहरूलाई थाहा थियो। तर उहाँ मर्नुपर्ने परमेश्वरको समय नआईकन तिनीहरूले उहाँलाई मार्न सकेनन्। परमेश्वरले आफूलाई पठाउनुभएको हो र उहाँको काम पूरा नगरुञ्जेल

परमेश्वरले आफूलाई सहायता गर्नुहुन्छ भन्ने कुरा येशूलाई थाहा थियो। यसैले उहाँले मन्दिरमा सिकाइनै रहनुभयो। परमेश्वरले चाहनुभएको काम गर्नका लागि उहाँमा साहस थियो र धेरै व्यक्तिहरूले उहाँमा विश्वास गरे र आफ्ना पापहरूबाट उद्धार पाए।

**तपाईंको अभ्यासको निम्ति**

खाली ठाउँमा भर्नुहोस्।

६ अगुवाहरूले येशूलाई के गर्न चाहेका थिए?

..................................................................

७ कसले येशूलाई पठाएको थियो?

..................................................................

८ परमेश्वरले चाहनुभएको काम गर्नु तपाईंको निम्ति के सधैंभरि नै सजिलो पर्छ? ....................................

९ कसले तपाईंको वास्ता गर्नेछ?

..................................................................

## येशूलाई पक्रन पहरेदारहरू पठाइए

यूहन्ना ७:३२-३६ पढ्नुहोस्।

धेरै मानिसहरूले येशूमा विश्वास गर्न लागेका वास्तविकताको कारण फरिसीहरूले येशूलाई मार्ने निश्चित गरे। तिनीहरूले

उहाँलाई मार्छन् भन्ने कुरा येशूलाई थाहा थियो। हाम्रा पापहरूका निम्ति मर्नका लागि उहाँ पृथ्वीमा आउनुभएको थियो। तिनीहरूले भेट्टाउन नसक्ने ठाउँमा आफू जाने सम्बन्धमा कुराकानी गर्दा उहाँले आफ्नो मृत्युको बारेमा बताउनुभएको थियो। तब उहाँको काम पनि पूरा हुनेछ। उहाँचाहिँ आफ्ना पिता, परमेश्वरसँग हुनका लागि स्वर्गमा फर्किजानुहुनेछ। येशूलाई पछ्याउनेहरू मरेपछि स्वर्गमा जानेछन्।



**तपाईंको अभ्यासको निम्ति**

**१०** येशूका शत्रुहरू थिए भन्ने कुरा हामीलाई कसरी थाहा हुन्छ?

**क.** प्रधान पूजाहारीहरूले उहाँलाई मार्न चाहन्थे।
**ख.** उहाँलाई समात्नका लागि रोमी बडाहाकिमले पहरेदारहरू पठाएका थिए।
**ग.** पूरै भीड़ले नै उहाँलाई मार्न चाहेको थियो।

## जिउँदो पानीका खोलाहरू

यूहन्ना ७:३७:३६ पढ्नुहोस्।

येशूले भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्।" येशूले उद्धारलाई जीवनको पानीसँग तुलना गर्नुभएको छ भन्ने कुरा हामीले सिकिसकेका छौं। तर ३६ पदले स्पष्ट पारेको छ कि यहाँ पानीलाई पवित्र आत्मासँग तुलना गरिएको छ, जुन आत्माचाहिँ उद्धार पाइसकेका विश्वासीहरूलाई दिइन्छ। एक व्यक्तिले आफ्ना पापहरूबाट उद्धार पाइसकेपछि, पवित्र आत्माले भरिनका लागि उसले इच्छा गर्नैपर्छ। प्रेरितको पुस्तकमा हामी देख्छौं कि विश्वासीहरूले येशूलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरिसकेपछि, तिनीहरू पवित्र आत्माले भरिएका थिए।

### तपाईंको अभ्यासको निम्ति

११ "यदि कोही तिर्खायो भने, त्यो मकहाँ आओस् र पिओस्" भनी येशूले भन्नुहुँदा, उहाँले केको बारेमा भन्नुभएको थियो?

क. उद्धारको बारेमा जसलाई उहाँले जीवनको पानी भन्नुभयो।
ख. विश्वासीहरूले उद्धार पाइसकेपछि तिनीहरूलाई दिनुभएका पवित्र आत्माका बारेमा।
ग. यर्दन नदीको पानीको बारेमा।

## मानिसहरूका बीचमा फाटो

यूहन्ना ७:४०-४४ पढ्नुहोस्।

आज, येशूका बारेमा मानिसहरूका भिन्नाभिन्नै विचारहरू भएझैं, त्यस बेला पनि त्यस्तै थियो। परमेश्वरले प्रतिज्ञा गर्नुभएका अगमवक्ता, मसीह र परमेश्वरका पुत्र उहाँ नै हुनुहुन्छ भन्नेहरूले ठीक विचार गरिराखेका थिए।

येशू गालील प्रदेशमा रहनुभयो, तर उहाँ बेथलेहेममा जन्मनुभएको थियो। लूका र मत्ती दुवैले येशूको वंशावलीको सूची हामीलाई दिएका छन्, र उहाँ दाऊदका सन्तान हुनहुन्छ भनी यहाँ देखाइएको छ। मसीहको सम्बन्धमा भएका अगमवाणीहरूलाई उहाँले पूरा गर्नुभएको छ।

### तपाईंको अभ्यासको निम्ति

खाली ठाउँहरूमा भर्नुहोस्

**१२** मसीह कहाँ जन्मनुहुन्छ भनी मानिसहरूले भनेका थिए?

........................................................................

**१३** येशू कहाँ जन्मनुभएको थियो?

........................................................................

**१४** के येशू दाऊदका सन्तान हुनुहुन्थ्यो?

........................................................................

## यहूदी धर्म-गुरुहरूको अविश्वास

यूहन्ना ७:४५-५२ पढ्नुहोस्।

फरिसीहरू येशूलाई पक्रिएको देख्न चाहन्थे। एक जना पहरेदारले भने, "यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन!" येशूले बोल्नुभएझैं कुनै पनि अरू मानिसले बोल्न सकेन, किनकि उहाँबाहेक अरू कोही पनि परमेश्वर थिएन। येशूले भन्नुभएका कुराहरूलाई हामीले सिक्नुपर्छ र उहाँका शिक्षालाई सबैले भनेका कुराहरूभन्दा माथि राख्नुपर्छ।

### तपाईंको अभ्यासको निम्ति

**१५** पहरेदारहरूमध्ये एउटाले येशूको बारेमा के साक्षी दिए?

**क**. "यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन।"
**ख**. "गालीलबाट अगमवक्ता कहिल्यै निस्कँदैन।"
**ग**. "यी मानिस कहिल्यै स्कूलमा नगएका भए तापनि, यिनले यति धेरै कसरी जानेका छन्?"

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१० क) प्रधान पूजाहारीहरूले उहाँलाई मार्न चाहन्थे।

३ ग) किनकि उहाँको शिक्षण परमेश्वरबाटको थियो।

११ ख) विश्वासीहरूले उद्धार पाइसकेपछि तिनीहरूलाई दिनुभएका पवित्र आत्माका बारेमा।

६ उहाँलाई मार्न चाहेका थिए।

१२ बेथलेहेम

७ परमेश्वर

१३ बेथलेहेम

८ पर्दैन

१४ हो, हुनुहुन्थ्यो

६ परमेश्वर

१५ क) "यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन!"

# टिप्पणीहरू